**Voice of Teacher,** Vol. 9, No. 1, December 2024
DOI: https://doi.org/10.3126/vot.v9i1.89491

ISSN 2362-1419

# *पर्याप्रेमको गुञ्जन* कवितासङ्ग्रहका कवितामा पर्यावरणीय चेतना

**अम्बिका अर्याल**
उपप्राध्यापक नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं ।
Email: ambiaryal@gmail.com
https://orcid.org/0009-0000-2471-9288

Received date: 17 Jan. 2025 | Reviewed date: 25 Oct. 2025 | Accepted date: 15 Dec.2025

**लेखसार**

*प्रस्तुत लेखमा पर्यावरणीय चेतनाका आधारमा कृष्ण बाउसेको “पर्याप्रेमको गुञ्जन” (२०८०) कवितासङ्ग्रहका कविताको विश्लेषण गरिएको छ । विकासका नाममा प्रकृतिमाथि मान्छेले गरेको विनाश र त्यसले पर्यावरणमा पारेको असरप्रतिको चेतना नै पर्यावरणीय चेतना हो । “पर्याप्रेमको गुञ्जन” कवितासङ्ग्रहका कविताका पर्यावरणीय चेतनाको स्थिति केकस्तो रहेको छ भन्ने मूल समस्या रहेको यस लेखले प्रकृतिको दोहनप्रतिको असन्तुष्टि, प्रकृति र मानवबिचको सुमधुर सम्बन्धको आग्रह, मानवकेन्द्रित सोचको आलोचना, विकास र पर्यावरणीय सन्तुलनको द्वन्द्व, प्राकृतिक सम्पदाको संरक्षणप्रतिको सङ्कल्प, पर्यावरण संरक्षणमा सामूहिक चेतना र जिम्मेवारी, सबै प्राणीको समान अस्तित्वप्रतिको चेतना तथा पारिस्थितिक प्रणालीको सङ्कट र संरक्षणप्रतिको चेतनासम्बन्धी मान्यताका आधारमा कृतिको विश्लेषण गरी प्राज्ञिक जिज्ञासाको समाधानमा पुग्ने उद्देश्य लिएको छ । पाश्चात्य जगत्मा प्रचलित पर्यावरणीय चेतनासम्बन्धी साहित्यसिद्धान्तका आधारमा कृतिको विश्लेषण गरिएको हुनाले यो लेख निगमनात्मक प्रकृतिको बन्न पुगेको छ । सामग्रीसङ्कलनका क्रममा पुस्तकालयीय पद्धतिलाई अवलम्बन गरिएको यस लेखमा प्राथमिक सामग्रीका रूपमा पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहभित्रका सुरुका पच्चिस कवितालाई लिइएको छ भने यससँग सम्बन्धित लेख, समीक्षा तथा विश्लेषण र पर्यावरणीय चेतनासँग सम्बन्धित कृतिलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा पर्यावरणीय चेतनासँग सम्बद्ध आधारभूत मान्यताका सापेक्षमा “पर्याप्रेमको गुञ्जन” कवितासङ्ग्रहका कवितामा अभिव्यक्त पर्यावरणीय चेतनाको विश्लेषण एवम् पहिचान गरिएको छ । विकासका नाममा गरिएको प्रकृतिको दोहन, मानवकेन्द्रित सोचको आलोचना, पर्यावरणीय सन्तुलनमाथिको सङ्कटको विरोध गरी प्रकृति र मानवबिचको सुमधुर सम्बन्ध, सबै प्राणीको समान अस्तित्व, पारिस्थितिक प्रणालीको संरक्षणको आग्रहसम्बन्धी पर्यावरणीय चेतना बाउसेका कवितामा मुखरित भएको निष्कर्ष यस लेखको रहेको छ ।*

**शब्दकुञ्जी :** *अस्तित्व, औद्योगीकरण, जलवायु परिवर्तन, पारिस्थितिकी, सङ्कट ।*

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय कृष्ण बाउसेको पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहका कवितामा अभिव्यक्त पर्यावरणीय चेतनाका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ । आधुनिकताका नाममा प्रकृतिमाथि मान्छेले गरेको विनाश र त्यसले पर्यावरणमा पारेको असरप्रतिको चेतनालाई पर्यावरणीय चेतनाका रूपमा लिने गरिन्छ । पुँजीवाद र आधुनिकीकरणले विभिन्न औजार तथा कलकारखानाको विकास गरेपछि प्रकृतिमा पर्न गएको नकारात्मक प्रभाव तथा विकासले निम्त्याएको जोखिमलाई यसले अध्ययन गर्दछ । प्रकृति र मानवको सुमधुर सम्बन्धमा यस किसिमका विकासजन्य गतिविधिले प्रत्यक्ष रूपमा पारेको असरले प्रकृतिलाई मात्र नभएर मानवजीवनलाई समेत हानी पुऱ्याइरहेको सन्दर्भप्रति प्रश्न गर्दै पर्यावरणीय चेतनासम्बन्धी अवधारणाको विकास भएको छ । कृष्ण बाउसेको पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहका कविताका बारेमा पूर्वअध्ययनहरू भएका छन् । गोविन्दराज भट्टराई (२०८०) ले प्रस्तुत कृतिले अन्तर्राष्ट्रिय रङ्गमञ्चमा उठेको एउटा चेतनाको वैश्विक स्वर परिवृत्तीय साहित्यको धार पक्रेको बताएका छन् । यस कृतिको लक्ष्यार्थ स्वार्थ्यान्ध मानवलाई आग्रह, अनुरोध, चेतनावनी, धम्की सबैथोक भएको र हाम्रो साझा वासस्थलको रक्षा गरौँ भन्ने निवदेनसमेत भएको उनको तर्क छ । यस्तै विजय हितान (२०८०) ले बाउसेको प्रस्तुत कृति पर्यावरणप्रति सचेत र संवेदनशील भएर लेखिएका कविताहरूको सङ्ग्रह भएको बताएका छन् । उनले प्रकृति र मानवसभ्यताबिचको सम्बन्ध र सन्तुलन कति महत्त्वपूर्ण छ भन्ने यथार्थलाई यस कृतिले उजागर गरेको धारणा प्रस्तुत गरेका छन् । बाउसेको पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहको पृष्ठभागमा दिइएका यी दुई सटिक समीक्षाले उनका कृतिमा पर्यावरणीय चेतना सशक्त रहेको बताए पनि यसैमा केन्द्रित भएर विस्तृत अध्ययन हुन बाँकी रहेको तथ्यलाई प्रस्ट पारेको छ । तर उनका कवितामा प्रकृतिको विनाशप्रतिको चिन्ता र संरक्षणका उपाय प्रस्तुत गर्दै पर्यावरणीय चेतना अभिव्यक्त भए पनि यस दृष्टिले विस्तृत अध्ययन हुन बाँकी रहनु नै यसको शोधअन्तराल हो । तसर्थ यस दृष्टिबाट अध्ययन गरिनु सान्दर्भिक र औचित्यपूर्ण देखिएको छ । यसर्थ बाउसेको पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहका कवितामा प्रस्तुत पर्यावरणीय चेतना केकस्तो रहेको छ भन्ने मूल जिज्ञासाको समाधान खोज्ने उद्देश्य यस लेखले राखेको छ । साथै यसमा अवलम्बन गरिएको अध्ययनविधि तथा सैद्धान्तिक पर्याधारलाई प्रस्तुत गरी विमर्शपश्चात प्राप्त नतिजाको निरूपण समेत गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । यसमा कृष्ण बाउसेको पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहका कवितालाई प्राथमिक र पर्यावरणीय चेतनासँग सम्बद्ध सैद्धान्तिक तथा विश्लेष्य कृतिका सम्बन्धमा भएका अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा बाउसेको कवितासङ्ग्रहभित्रका बाउन्न वटै कविताको विश्लेषण नगरी सोउद्देश्यमूलक नमुना छनोट विधिको अवलम्बन गरी सुरुका पच्चिस कवितालाई मात्र विश्लेष्य कविताका रूपमा चयन गरिएको छ । प्राथमिक र द्वितीयक दुवै सामग्रीको समुचित प्रयोगबाट पर्यावरणीय चेतनाको विश्लेषणका लागि सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ । सामग्रीको विश्लेषण विश्लेषणात्मक विधिको प्रयोगमार्फत

गरिएको छ र समस्याको समाधान निकालिएको छ । निगमनात्मक पद्धतिको यो लेख अन्तर्विषयक एवम गुणात्मक प्रकृतिको बनेको छ ।

## पर्यावरणीय चेतनाको सैद्धान्तिक परिचय

पर्यावरणीय चेतना बिसौँ शताब्दीको उत्तरार्धमा विकसित पाश्चात्य साहित्य सिद्धान्तको एक मह**त्त्व**पूर्ण अवधारणा हो । पर्यावरण शब्द 'परि' र 'आवरण' शब्द मिलेर बनेको तत्सम शब्द हो । 'परि' को अर्थ 'चारैतिर' र 'आवरण' को अर्थ 'घेरा' भन्ने हुन्छ । प्रज्ञा नेपाली शब्दकोशका अनुसार 'पर्यावरण' शब्दले भने 'कुनै वस्तु, विषय, व्यक्ति आदिको अवस्थिति र परिवेश वा वातावरण'लाई द्योतन गर्दछ साथै यसले 'चारैतिर फैलिएको वा रहेको जलवायु एवम् हावापानी'लाई समेत जनाउँछ । 'पर्यावरण'लाई अङ्ग्रेजीमा 'इकोलोजी' भनिन्छ । 'इकोलोजी' (जर्मन ओकोलोजी) शब्द सर्वप्रथम जर्मन दार्शनिक अर्नेस्ट हेकेलले प्रयोग गरेका हुन् । यो शब्द ग्रीक 'ओकोस' बाट आएको हो । यसको अर्थ 'गृहस्थी, घर वा बस्ने ठाउँ' भन्ने हुन्छ (ब्रिटानिका) । 'इकोलोजी'को अर्थ 'वातावरणसँग वनस्पति र जीवजन्तुको सम्बन्धको अध्ययन' भन्ने हुन्छ । पर्यावरणलाई केन्द्रमा राखेर कृतिको अध्ययन गर्नु पर्यावरणीय समालोचना हो ।

'पर्यावरणीय समालोचना' अङ्ग्रेजीमा 'इकोक्रिटिसिजम' भनिन्छ । व्युत्पत्तिगत रूपमा हेर्दा यो 'इकोक्रिटिक' र 'इजम्'को मेलबाट बनेको शब्द हो । 'इको' र 'क्रिटिक' दुवै शब्द ग्रीक भाषाबाट आएका हुन् । 'oikos' (घर) र 'lrkrites' (न्यायाधीश) मिलेर यसको अर्थ 'घरको न्यायाधीश' हुन्छ (होवार्थ, सन् १९९६, पृ. ६८) । साहित्यका सम्बन्धमा भने यसको अर्थ केही भिन्न छ । यो प्राणी र वातावरणलाई जोड दिने साहित्य सिद्धान्तका रूपमा साहित्यमा परिचित बनेको छ । यसका परिवृत्तीय समालोचना, वातावरणीय समालोचना, वातावरणीय काव्यशास्त्र, हरित समालोचना आदि नामसमेत रहेका छन् ।

पर्यावरणीय चेतनाले पर्यावरणसम्बन्धी सजगतालाई द्योतन गर्दछ । यसले मान्छेले गरेको अविवेकी कर्मका कारण प्रकृति र जीवजन्तुमाथि हुन पुगेको हानिको न्यूनीकरणमा जोड दिन्छ । पर्यावरणको सन्तुलन बिग्रिँदै खतराको तहमा पुगेपछि परिवृत्तीय सिद्धान्तको जन्म हुन पुगेको देखिन्छ । सैद्धान्तिक रूपमा पश्चिमेली जगत्मा यो चेतना सन् १९६० को दशकदेखि विकसित भएको हो । यसमा परिवृत्तीय विज्ञानका आधारमा साहित्य सिर्जना र समालोचना गरिन्छ । चेरिल ग्लोटफेल्टीका अनुसार पर्यावरणीय समालोचना साहित्य र भौतिक वातावरणबिचको सम्बन्धको अध्ययन हो । लरेन्स बुयलका अनुसार यो अन्तरविषयगत दृष्टिकोणबाट गरिने साहित्य र वातावरणको अध्ययन हो । यसबाट सबै विज्ञानलाई एकत्रित गरी वातावरणको विश्लेषण गर्न र समकालीन पर्यावरणीय स्थितिको सुधारका सम्भावित समाधान खोज्न मद्दत पुर्‍याइन्छ । पर्यावरणीय समालोचना केवल ग्रामीण जीवनको प्रशंसा र अद्भुत प्रकृतिको आदर तथा यात्रा वृत्तान्त एवम् प्रेरणादायक भाषण भने होइन (डोबी, सन् २०१२, पृ.२३९) । पर्यावरणीय चेतनाले वातावरणीय संरक्षण र जीव तथा वनस्पतिको अधिकारसम्बन्धीको सचेतनालाई जनाउँछ ।

पर्यावरणीय चेतनाको पृष्ठभूमि निकै पुरानो रहेको छ । वेदकालीन समाजमा पर्यावरणको मह**त्त्व** तथा यसको रक्षाप्रति जागरुक देखिन्छ । खासगरी पर्यावरण प्रदूषणको खतराप्रति वेदकालीन समाज सचेत पाइन्छ । त्यस समयमा भूमिलाई ईश्वरका रूपमा पूजा गर्ने, प्रकृति र पुरुषका सम्बन्ध परस्पर एक

अर्कामा आधारित मान्ने प्रचलन देखिन्छ (सिंह, २०८१, पृ. ६) । पर्यावरणीय समालोचनाको सचेत रूपमा सुरुवात भने बिसौँ शताब्दीको उत्तरार्धमा मात्र हुन पुगेको देखिन्छ । यसको संस्थागत विकासको थालनी १९९२ मा पश्चिमी साहित्य सङ्घ (Western Literary Association) मा साहित्य र वातावरण अध्ययनका लागि सङ्घ (ASLE) गठनसँगै भयो । यसपछि १९९३ मा ISLEM Interdisciplinary Studies in Literature and Environment नामक जर्नल सुरु भयो र १९९६ मा The Ecocriticism Reader को प्रकाशनले यसलाई थप मजबुत बनायो । लरेन्स बुयलको 'द इन्भाइरोमेन्टन इमाजिनेसन' (सन् १९९५) यसको मानक ग्रन्थ हो । यसमा उनले प्रकृतिको इतिहासभित्रै मानवइतिहास अन्तर्निहित वा निर्मित हुने भएकाले मानव र मानवेतरबिच कुनै विभेद नभएको तर्क प्रस्तुत गरेका छन् । साथै मानवको इच्छा मात्रै अन्तिम र वैध इच्छा नहुने बताएका छन् । वातावरणप्रति मानिसको उत्तरदायित्व भन्नु नै उसका कृतिभित्र आउनुपर्ने नैतिक दायित्व बोध भएको उनको ठम्याइ छ । यस्तै उनले वातावरण मानवलाई दान गरिएको वस्तु नभएर एउटा परिवर्तनशील, कमजोर र सधैँ संरक्षण चाहने प्रक्रिया वा अस्तित्व भएको बताएका छन् ।

जीव र वातावरणलाई कृतिमा कसरी प्रस्तुत गरिएको छ भन्ने सन्दर्भसँग पर्यावरणीय समालोचना केन्द्रित रहन्छ । यसले कृतिमा आएका जीव र वातावरणबिचको सम्बन्ध, तिनीहरूको प्रतिनिधित्व तथा तिनीहरूलाई यस्ता विशिष्ट तरिकामा चित्रण गरिनुको कारण एवम् समयका सन्दर्भमा केन्द्रित भएर कृतिको विश्लेषण गर्दछ (मिल्नी, सन् २०१०, पृ. ४७ ) । नारीवाद र जातीय अध्ययनहरूजस्तै यसको सुरुआत मानव मनको पहिचान तथा राजनीतिक विषयगतताका धारणा पुनःपरिकल्पना गर्ने आधुनिकतावादी विचारबाट भएको थियो । यसले आधुनिकता, प्रबोधन (भ्लष्निजतभलकभलत) र विज्ञानले पश्चिमी संस्कृतिमा लादेको विषय-वस्तु (subject–object), शरीर-पर्यावरण र प्रकृति-संस्कृतिको छुट्टाछुट्टै अवधारणाभन्दा पर सोच्ने प्रयास गरेको छ । यसलाई स्कट स्लोभिकले 'कथात्मक विद्वत्ता' (narrative scholarship) भनेर सम्बोधन गरेका छन् । पर्यावरणीय समालोचनाको पहिलो चरण अन्य उत्तरआधुनिक विचारधाराहरूभन्दा फरक थियो । यसले मानव विषयगततालाई अन्य मानवहरूको सन्दर्भमा नभई गैर-मानवीय संसारसँग सम्बन्धित गरेर पुनःपरिभाषित गर्न खोज्यो (हेस, सन् २००६, पृ. ५०७) । प्रकृति र मानवबिचको सम्बन्धका रूपमा मात्र नभएर प्रकृतिका हरेक वस्तुको अस्तित्व मानवजत्ति नै रहेको धारणासमेत यसले राख्ने गर्दछ ।

पर्यावरणीय चेतनामा वातावरणीय संवेदनशीलताको बाहुल्य रहन्छ । यसले कृतिमा प्रकृतिकेन्द्रित पात्रको प्रयोग, प्रकृतिको मानवीकरण र मानवको प्रकृतीकरणको विश्लेषण गर्दछ । कृतिमा मानवहरू नै प्रकृतिको विनाश गर्नका लागि जन्मिएका सन्दर्भको खोजी गरी धरतीको रुवाइ, प्रकृतिको कोलाहल, मानव, जीव र वनस्पतिहरूको गुहार, जल, वायु, आकाश, बादल आदिको चीत्कार जस्ता संवेदनशील पक्षहरूको खोजी गर्नुका साथै प्रकृतिको पक्षमा वकालत गर्दछ । मानवीय प्रवृत्तिकै कारण मानवजीवन सङ्कटग्रस्त परिवेशमा बाँचिरहेको तथ्यलाई प्रस्तुत गर्दै प्राचीनता र नवीनताका बिचमा होडबाजी चल्न थालेपछि धरती विषाक्त बन्दै गएको सन्दर्भको विश्लेषण समेत पर्यावरणीय समालोचनामा गर्ने गरिन्छ । प्रकृति मानवस्वास्थ्यका लागि हानिकारक हुँदै गएको, आज मान्छे चेतनाको, संवेदनाको, मानवताको र उदारताको प्रतिस्पर्धा गर्नुपर्ने बेलामा क्षेप्यास्त्रको प्रतिस्पर्धामा लीन भएको तथ्यको समेत यसले उजागर गर्दछ ।

जैविक विविधताको ह्रास, ओजन तह विनाश, ऊर्जाको अन्त्य, आणविक ऊर्जाको निर्माण आदिले

गर्दा विश्वभरि मौसममा आएका परिवर्तन खतराका सङ्केत भएका छन् । वातावरणीय सन्तुलन बिग्रेर त्यसको असर विश्वव्यापी भएको छ । यस्ता कुराको चिन्ताले जीवनको भित्री तहसम्म छोएर झस्काउन थापेपछि साहित्य कला संस्कृतिको अन्तरतह पनि प्रभावित हुँदै छ । त्यसैकारण, अहिले आएर वातावरणीय चिन्तन चेतनामूलक कार्यक्रममा सीमित नरहेर साहित्यमा र समालोचनामा पनि पुग्यो । वर्तमान समयमा पर्यावरणीय चेतनासम्बन्धी अवधारणाका अगुवामध्ये एक हुन् लरेन्स ब्युल । उनको 'द इन्भाइरोमेन्टल इम्याजिनेसन' (१९९५) शीर्षकको कृति इकोक्रिटिसिजमको एक मह**त्त्व**पूर्ण मानक ग्रन्थ हो । यसमा उनले ड्याभिड थोरोको पालादेखिको प्रकृति लेखनको परम्पराको परीक्षण गरी 'इकोक्रिटिकल पोएटिक्स' (पर्यावरणचेत भएको काव्यशास्त्र) को स्थापना गरेका छन् । इकोलोजीलाई गम्भीरताका साथ हेर्नेहरूले पशुप्राणी जोगाउने, फोहोर नियन्त्रण गर्ने अभियानमा लाग्नुभन्दा मानिसले पृथ्वीलाई बिगार्ने, रुख काट्ने, पानी थुन्ने, सुरुङ खन्ने, मार्ग बनाउने आदि अधिकार नभएको जिकिर गर्दछन् । उनीहरूले मान्छेमा पृथ्वीलाई छुने पनि अधिकार नभएको भन्दै मानवेतर जगत्को स्वतन्त्रताको पक्षमा बोल्दछन् (भट्टराई, २०८१, पृ. १) । यसरी वातावरणलाई मह**त्त्व** दिने पर्यावरणीय सिद्धान्तको प्रयोग गरी कृतिको विश्लेषण गर्ने पद्धतिको विकाससँगै पर्यावरणीय समालोचनाको स्थापना हुन पुगेको देखिन्छ ।

पर्यावरणीय समालोचनाले प्रकृतिका अपरिहार्य त**त्त्व** जीवजन्तु, प्रकृति, वनस्पति, जल, वायु आदिमाथिको प्रभाव र तिनको सन्तुलन एवम् संरक्षणप्रतिको सजगतामा जोड दिन्छ । यसले कृतिमा चित्रित पर्यावरणीय सन्तुलन तथा पारिस्थितिक प्रणालीको अध्ययनका लागि प्राकृतिक सौन्दर्यको वर्णन, त्यसको विनाशमा मानिसले गरेका क्रियाकलाप, बढ्दो आधुनिकीकरण तथा सहरीकरणले निम्त्याएको सङ्कटलाई केन्द्रमा राख्दछ । बिसौं शताब्दीको मध्यतिर मानवीय क्रियाकलाप तथा विविध कारणबाट वातावरणमा पर्न गएको गम्भीर असरको समाधानका क्रममा वातावरणविद्हरूबाट सुरु हुन पुगेको अवधारणा नै पर्यावरणीय समालोचना हो (केरिज, सन् २००६, ५३१) । पर्यावरणीय समालोचनाले प्रकृतिको अस्तित्वसम्बन्धी जागरणलाई केन्द्रमा राख्दछ ।

मानवीय स्वार्थका कारण पारिस्थितिक प्रणालीमा आएको गडबढी र त्यसका लागि चाल्नुपर्ने कदमप्रतिको चेतनालाई पर्यावरणीय समालोचनाले अध्ययनको विषय बनाएको छ। पर्यावरणलाई रचनात्मक संरचनाका रूपमा प्रस्तुत गर्न नहुने, मानवीय आवश्यकता र इच्छालाई तर्कयुक्त र स्वाभाविक मान्न नहुने, पर्यावरणप्रति मानवीय कर्तव्य नैतिक अभिमूखीकरणको पक्ष मान्दै पर्यावरणलाई कृतिमा व्यवस्थित चक्रमा रूपमा प्रस्तुत गर्नुपर्ने मान्यता पर्यावरणीय समालोचकले राखेको देखिन्छ (बुयल, १९९५, पृ. ७) । यसरी प्रकृतिको दोहनप्रतिको असन्तुष्टि, प्रकृति र मानवबिचको सुमधुर सम्बन्धको आग्रह, मानवकेन्द्रित सोचको आलोचना, विकास र पर्यावरणीय सन्तुलनको द्वन्द्व, प्राकृतिक सम्पदाको संरक्षणप्रतिको सङ्कल्प, पर्यावरण संरक्षणमा सामूहिक चेतना र जिम्मेवारी, सबै प्राणीको समान अस्तित्वप्रतिको चेतना तथा पारिस्थितिक प्रणालीको सङ्कट र संरक्षणप्रतिको चेतनाको अध्ययन गर्ने समालोचना पद्धति नै पर्यावरणीय समालोचना हो । यिनै अवधारणाका आधारमा यसमा कृष्ण बाउसेको पर्याप्रेमको गुञ्जनभित्रका निर्धारित कविताको विश्लेषण गरिएको छ ।

## नतिजा र विमर्श

बाउसेको पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहका कवितामा प्रकृतिको विनाशका कारण निम्तिएका समस्या र त्यसप्रतिको चिन्तालाई प्रस्तुत गरिएको छ । आधुनिकीकरणसँगै मानिसले गरेका विकास, त्यसले गरेको प्राकृतिक दोहन र त्यसप्रतिको असन्तुष्टि, प्रकृति र मानवबिचको सुमधुर सम्बन्धको आग्रह, मानवकेन्द्रित सोचको आलोचना, विकास र पर्यावरणीय सन्तुलनको द्वन्द्व, प्राकृतिक सम्पदाको संरक्षणप्रतिको सङ्कल्प, पर्यावरण संरक्षणमा सामूहिक चेतना र जिम्मेवारी, सबै प्राणीको समान अस्तित्वप्रतिको चेतना तथा पारि स्थितिक प्रणालीको सङ्कट र संरक्षणप्रतिको आग्रहसम्बन्धी पर्यावरणीय चेतनालाई आधार मानेर विभिन्न उपशीर्षकमा यहाँ विश्लेषण बाउसेका निर्धारित कविताको विश्लेषण गरिएको छ :

### प्रकृतिको दोहनप्रतिको असन्तुष्टि

पर्यावरणीय समालोचनाले पर्यावरणीय चेतनाको खोजी गर्दछ । यसले कृतिमा प्रस्तुत प्रकृतिप्रतिको दृष्टिकोणको विश्लेषण गर्दछ । यसले विश्लेष्य कृतिमा प्रकृतिको दोहनप्रतिको चिन्ता र प्रकृतिको संरक्षणप्रतिको चेतनालाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुरामा जोड दिन्छ । कृष्ण बाउसेको पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहका कवितामा प्रकृतिमाथि मानिसले गर्ने दोहनप्रतिको चिन्ता तथा असन्तुष्टि भावलाई केकसरी प्रस्तुत गरिएको छ भन्ने तथ्यको विश्लेषण यसमा गरिएको छ । उनका कवितामा प्रकृतिको संरक्षणविना मानवीय अस्तित्व अकल्पनीय रहेको हुनाले प्रकृतिको दोहनप्रतिको असन्तुष्टि भावलाई प्रस्तुत गरिएको छ ।

बाउसेको ‘फूलको प्रश्न’ कवितामा प्रकृतिमाथिको मानवीय दुर्व्यवहार तथा दोहनप्रतिको असन्तुष्टि भावलाई प्रस्तुत गरिएको छ। यसमा प्रकृतिको अवमूल्यन गर्ने मानवीय स्वभावप्रति फूलले गरेको प्रश्नका माध्यमबाट पर्यावरणप्रतिको सजगतालाई यसप्रकार प्रस्तुत गरिएको छ :

> ... किन मिल्कायौ मलाई नदी किनारमा लगेर ?
> र त्यसपछि
> किन आफैँ थुक्न थाल्यौ मलाई
> दुर्गन्धित फोहरको विशेषणले आभूषित गरेर ? (पृ. १४)

आफूलाई आवश्यक परेको बेलामा मन्दिरमा चढाउने र प्रयोजन सकिएपछि मिल्काउने मानवीय प्रवृत्तिप्रति फूलले गरेको प्रश्नका माध्यमबाट यसमा प्रकृतिको मानवीकरण गरी पर्यावरणीय चेतना प्रस्तुत गरिएको छ । प्रकृतिलाई फोहोरको पर्याय बनाइदिने मानवको पाखण्डी सोचप्रतिको विद्रोहलाई यसमा देखाएको छ । यस्तै मानिसले गरेको गल्तीका कारण प्रकृतिले भोग्नुपरेको उत्पीडनका माध्यमबाट यसमा प्रकृतिको दोहनप्रतिको असन्तुष्टि भावयुक्त पर्यावरणीय चेतना अभिव्यक्त भएको छ ।

बाउसेको ‘उसले आकाशमा विष घोलिरहँदा’ शीर्षकको कवितामा मान्छेले गरेको प्रकृतिको दोहनप्रति प्रश्न गर्दै पर्यावरणीय चेतना प्रस्तुत गरिएको छ । यसमा कविले मान्छेले प्रकृतिमाथि गरिरहेको दोहनप्रति गम्भीर प्रश्न उठाउँदै वनविनाश, वायुप्रदूषण र विषादीको प्रयोगले पारिस्थितिक सन्तुलनमा ल्याइरहेको

सङ्कटलाई यसरी उजागर गरेका छन् :

वन मासेर
हामी चराहरूलाई बेघर बनाउने ऊ ।
कालो धुवाँ उडाएर
प्राणवायुको मुहानलाई विषाक्त बनाउने ऊ ।
जथाभावी विषादी छरेर
परागसेचन कर्ममा जुटिरहेका
हामी पुतली र मौरीहरूलाई सोत्तर बनाउने ऊ । (पृ. ४५)

यसमा प्रकृतिले नै मानवमाथि गरेको प्रश्नका माध्यमबाट पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । वन मासेर चराहरूलाई बेघर बनाउने मान्छेले चराहरू मात्र नभएर वन्यजन्तु र सम्पूर्ण जैविक विविधतालाई सङ्कटमा पारेको सन्दर्भप्रति प्रकृतिकै असन्तुष्टिलाई यसमा प्रस्तुत गरिएको छ। कालो धुवाँ उडाएर प्राणवायुको मुहानलाई विषाक्त बनाउने मान्छेले कलकारखाना, सवारीसाधन र विकासनिर्माणका अन्य क्रियाकलापमार्फत वायुमण्डललाई विषाक्त मात्र नबनाई जथाभावी विषादी छरेर परागसेचन कर्ममा जुटिरहेका पुतली र मौरीहरूलाई समेत सोत्तर पारेको तथ्यमार्फत जीवजन्तु र कीटपतङ्गको अस्तित्व सङ्कटमा परेको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ । यसले मान्छेको लापरवाहीपूर्ण विकासक्रमले वातावरणमा ल्याइरहेको विकृति र त्यसको परिणामस्वरूप सिङ्गो पारिस्थितिकी प्रणालीमा पारेको सङ्कटलाई उजागर गर्दै मान्छेप्रति नै खबरदारी समेत गरेको छ । यसरी कविताले प्राकृतिक सम्पदाप्रति संवेदनशील बन्न र वातावरणीय सन्तुलन कायम राख्न सचेत गराउने महत्त्वपूर्ण सन्देशका माध्यमबाट मान्छेले गरेको प्रकृतिको दोहनप्रति असन्तुष्टि जनाउँदै पर्यावरणीय चेतना प्रस्तुत गरेको छ ।

बाउसेको 'प्लास्टिकको घाँस' शीर्षकको कविताले प्रकृतिको दोहन गर्ने मानवीय स्वभावप्रति असन्तुष्टि व्यक्त गरेको छ । यस कवितामा प्रकृतिको विनाशमा मान्छेकै प्रमुख भूमिका रहेको स्विकारोक्ति यसरी अभिव्यक्त गरिएको छ :

... सडकका गाईलाई
म प्लास्टिकको घाँस हाल्दै छु ।
... जाडो थेग्न
प्लास्टिक बटुलेर घुर बाल्दै छु ।
... म आफूलाई
आफैँले खनेको खाडलमा हाल्दै छु । (पृ. ६६)

यसमा प्रदूषणका कारण आत्मविनाश हुन सक्ने मानवीय चेतनालाई प्रस्तुत गरिएको छ । यसले आधुनिक समाजमा प्लास्टिकजन्य प्रदूषणले पारिस्थितिकी तन्त्रमा ल्याएको विनाशकारी प्रभावको चित्र उतारेको छ । यसमा सडकका गाईलाई प्लास्टिकको घाँस हालेर, जाडो थेग्न प्लास्टिक बालेर मान्छेले आफैँले आफैलाई खाडलमा हालेको तर्क प्रस्तुत गरिएको छ । निर्दोष जनावरमाथि गरिएको अन्याय र वायुमण्डलको बढ्दो प्रदूषणबाट पर्न गएको असरका माध्यमबाट आधुनिकीकरणका नाममा असभ्य बन्दै

गएको मानव तथा बिग्रँदो पर्यावरणप्रति यसमा व्यङ्ग्य गरिएको छ । मान्छेकै गैरजिम्मेवार क्रियाकलापले अन्ततः मान्छेलाई नै विनाश गर्ने भएकाले मानव जातिलाई वातावरणीय उत्तरदायित्व बहन गर्न, प्लास्टिकको प्रयोगलाई न्यून गर्न र प्रकृति संरक्षणमा ध्यान दिन आग्रह गर्दै पर्यावरणीय चेतनालाई यसमा प्रस्तुत गरिएको छ ।

बाउसेको 'स्वर्गजस्तो वनका दुर्नाम यन्त्रवानरहरू' कवितामा प्रकृतिको दोहनप्रतिको असन्तुष्टि भाव उजागर भएको पाइन्छ । यसमा रासायनिक पदार्थ र विषादीहरूको अन्धाधुंन्ध प्रयोगले प्रकृति र जैविक जीवनका विभिन्न अङ्गहरूमा पार्ने नकरात्मक असरलाई समेत यसप्रकार प्रस्तुत गरिएको छ :

कीटनाशक विषादीका बेपारीसँग कमिसन खाएर
माहुरीजस्तो मह नाउँको महौषधी बनाउने
अनि फूलमा परागसेचन गरिदिएर
वनस्पतिको वंशलाई अक्षुण्ण राख्दै
निलो ग्रहलाई जीवन्त बनाइदिने गुनिलो जीवलाई समेत
सखाप पार्न लागिरहेका तिनले
कसैलाई किन बाँकी राख्थे र ? (पृ. ९५)

रासायनिक पदार्थ र विषादीहरूको प्रयोगका कारण माहुरी र फूलमाथि परेको प्रभाव एवम् जीवहरूको अस्तित्वमाथिको सङ्कटलाई यसमा देखाइएको छ । यसमा परागसेचनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने निर्दोष जीवको विनाशले वनस्पतिको वंशवृद्धि र जैविक विविधताको संरक्षणमा पुग्ने सङ्कटप्रति चिन्ता व्यक्त गरिएको छ । यसबाट प्रकृतिको दोहन हुनुका साथै सम्पूर्ण पारिस्थितिकी तन्त्रमा समेत नकरात्मक प्रभाव पर्ने विचारमार्फत पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । यसरी बाउसेका कवितामा प्रकृतिको दोहनको विरोध गर्दै पर्यावरणको संरक्षणसम्बन्धी चेतनालाई उजागर गरिएको छ ।

## प्रकृति र मानवबिचको सुमधुर सम्बन्धको आग्रह

बाउसेका कवितामा प्रकृति र मानवबिचको आत्मीय सम्बन्धले नै पर्यावरणलाई जोगाउन सक्ने भाव प्रस्तुत गरिएको छ। उनका कविताले प्रकृति र मानव एकअर्कामा पूरक रहेका हुनाले प्रकृतिको संरक्षण गर्न सके मात्र मानव अस्तित्व रहने तथ्यसमेत अभिव्यक्त गरेको छ। बाउसेको 'पर्याप्रेमको गुञ्जन' शीर्षकको कवितामा प्रकृति र मानवबिचको सुमधुर सम्बन्धको आग्रह गरिएको छ । यसमा प्रकृतिको सम्मान गर्न आग्रह गरिरहेका गुरुको कथनलाई यसरी प्रस्तुत गरिएको छ :

तैँले रुखसँग व्यवहार गर्दा
मसँग व्यवहार गरेजस्तै गर्नू !
तैँले
नदीसँग व्यवहार गर्दा
तेरी आमासँग व्यवहार गरेजस्तै गर्नू
र तैँले आकाश र धर्तीसँग व्यवहार गर्दा

तेरा बाजेबजै
र तेरा छोराछोरीहरूसँग जस्तै व्यवहार गर्नू ! (पृ. १८)

कविले रुखलाई मानवीकरण गरेर जीवित अस्तित्वका रूपमा प्रस्तुत गरेका छन् । यसले मानवलाई रुखहरूसँग सम्मानजनक सम्बन्ध राख्नुपर्ने र एकअर्काबिचको सम्बन्ध सुमधुर बनाउनुपर्ने आग्रह गरेको छ । यसमा सम्पूर्ण प्राकृतिक संसारलाई समान मूल्य दिनुपर्ने भावलाई नदीलाई आमा सरह सम्मान गर्नुपर्ने, आकाश र धरतीसँग पुस्तागत सम्बन्ध जोड्नुपर्ने विचार समेत अभिव्यक्त गरिएको छ । यसले पारिस्थितिक न्याय र नैतिकताको पाठसमेत पढाएको छ । हामीले प्रकृतिलाई पनि परिवारकै सदस्यजस्तो मानेर व्यवहार गरी पारिस्थितिक न्याय गर्न सकिने भाव यसमा पाइन्छ । यसरी कविका कथनमार्फत पर्यावरणीय नैतिकता, पुस्तागत उत्तरदायित्व र प्रकृतिप्रति सम्मानका साथै प्रकृति र मानवबिचको सुमधुर सम्बन्धको आग्रह भावलाई यसमा प्रस्तुत गरिएको छ । यसरी उनका कविताले प्रकृति र मानवबिचको घनिष्ठ सम्बन्ध भएको हुनाले पर्यावरणीय सन्तुलनका लागि यी दुवैको भूमिका उत्ति नै रहेको तथ्यलाई समेत अभिव्यक्त गरेका छन् ।

## मानवकेन्द्रित सोचको आलोचना

बाउसेका कवितामा मान्छेले मान्छेलाई मात्रै महत्त्व दिने प्रवृत्तिको विरोध गरिएको छ । उनका कवितामा मानिसले जहिले पनि आफ्नै भलाइ मात्र सोच्ने र प्रकृतिका अन्य प्राणी, वनस्पति तथा जीवप्रति अनुदार व्यवहार गरी आफूलाई सर्वेसर्वा घोषित गर्ने व्यवहारप्रति असन्तुष्टि जनाइएको छ । बाउसेको 'उत्पीडित संसारको बेहोस मान्छेसँग' शीर्षकको कवितामा मानवकेन्द्रित सोचको आलोचना गर्दै प्रकृतिको पक्षधरता लिइएको छ । यसमा प्रकृतिलाई बलि चढाएर मान्छेले रोजेको यात्रामाथि प्रश्न गर्दै पर्यावरणीय चेतना यसप्रकार प्रस्तुत गरिएको छ :

यसरी केवल आफ्नो तृप्तिका खातिर
समग्र थलचरलाई बलि चढाएपछि
समग्र जलचरलाई बलि चढाएपछि
समग्र उभयचरलाई बलि चढाएपछि
यसरी केवल आफ्नो तृप्तिका खातिर
हावालाई बलि चढाएपछि
पानीलाई बलि चढाएपछि
माटोलाई बलि चढाएपछि
... अब तिमी पुग्न त त्यहीँ पुग्ने हौ
मान्छेमात्र भएको संसारमै पुग्ने हौ । (पृ. २३)

यसमा मानवकेन्द्रित सोचको आलोचना गर्दै मानिसले केवल आफ्नै तृप्तिका लागि सम्पूर्ण प्रकृति र जीव-जगतलाई कसरी विनाश गर्दैछ भन्ने यथार्थको चित्रण गरिएको छ । यस कविताले मानिसको स्वार्थी प्रवृत्तिलाई "बलि चढाउनु" भन्ने शक्तिशाली प्रतीकमार्फत देखाएको छ । यसमा मानिसले थलचर

(स्थलमा बस्ने जीवहरू), जलचर (पानीमा बस्ने जीवहरू) र उभयचर (दुवैमा बस्ने जीवहरू) लाई नष्ट गर्दा फाइदा के हुने रहेछ भन्ने संशयलाई प्रस्तुत गरिएको मछ । यसमा सबै प्राकृतिक स्रोतहरू विनाश भइसकेपछि मानिसले “मान्छेमात्र भएको संसार” मा बाँच्नुपर्ने र त्यो असम्भव हुने डिस्टोपियन (मथकतयउष्बल) भविष्य को सङ्केतका माध्यमबाट पारिस्थितिक प्रणाली बिग्रेपछि मानवजीवन सङ्कटमा पर्ने स्थितिबोधलाई प्रस्तुत गरिएको छ । तसर्थ यसमा मानव अहङ्कारलाई चुनौती दिँदै प्रकृति र अन्य जीवहरूसँग सहअस्तित्वको चेतना जागृत गर्न मानिसलाई प्रेरित गरिएको छ ।

## विकास र पर्यावरणीय सन्तुलनको द्वन्द्व

बाउसेका कवितामा विकासका कारण पर्यावरणमाथि परेको असरप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । उनका कवितामा विकासका नाममा भइरहेको प्राकृतिक दोहन र पर्यावरणीय असन्तुलनलाई उजागर गरिएको छ । उनको ‘विकासको जहर !’ शीर्षकको कवितामा आधुनिकीकरण र विकासका कारण प्रकृतिमाथि पारेको प्रभाव र प्रकृतिको मानिससँगको आग्रहलाई यसरी प्रस्तुत गरिएको छ :

भिरालो नै ठिक छु म
उकालो ओरालो नै ठिक छु म
म त साङ्ग्रिलादेश !
म त आफैँभित्र रमाएको खप्तडको लेक !
ए बुलडोजर !
ए दातृराष्ट्र !
ए साहुकार !
सम्बन्ध नै तोड बरु
तर, मेरो परिवेशलाई नधमिल्याऊ ! (पृ. ३१)

कविले आफ्नो देशको भौगोलिक विविधता र प्राकृतिक सौन्दर्यलाई जस्ताको तस्तै स्वीकार्नुपर्ने विचारका माध्यमबाट पर्यावरणीय चेतनालाई यसमा प्रस्तुत गरेका छन् । “भिरालो नै ठिक छु म / उकालो ओरालो नै ठिक छु म” भन्ने पङ्क्तिले प्रकृतिमाथिको दोहन र अव्यवस्थित तथा अन्धाधुन्ध विकासलाई अस्वीकार गर्दै स्वाभाविक भू-परिस्थितिलाई सुरक्षित राख्नुपर्ने आवश्यकतामा जोड दिएको छ। यस्तै “म त साङ्गिलादेश !” र “म त आफैँभित्र रमाएको खप्तडको लेक !” पङ्क्तिले पनि आफ्नो देशको मौलिकता, आत्मनिर्भरता एवम् प्राकृतिक सौन्दर्यमा आँच आउन नदिने सन्दर्भलाई नै प्रस्ट पारेको छ । प्रकृतिको मानवीकरण गर्दै प्राकृतिक वस्तुमाथि विकासका नाममा बुलडोजर चलाएर बाह्य मुलुकले गर्ने गरेको हस्तक्षेप र विनाशप्रति प्रश्न उठाउँदै वातावरणीय सन्तुलन र पारिस्थितिकी तन्त्रप्रतिको सजगतालाई प्रस्तुत गरेका छन् । यसका साथमा स्वदेशी पहिचानलाई कमजोर बनाउने बाह्य राष्ट्रहरूको सहयोग नचाहिने र प्रकृतिको जगेर्नाका लागि जोसुकैसँगको सम्बन्ध बिग्रे पनि नडराउने सन्दर्भमार्फत विकासका नाममा विनाश अस्वीकार्य रहेको तथ्यलाई यस कविताले प्रस्तुत गरेको छ । तसर्थ उनका कवितामा प्राकृतिक सन्तुलन कायम राख्दै, स्थानीय पहिचान र सम्पदाको रक्षा गर्नु हामी सबैको दायित्व भएको सन्देश दिँदै विकासले निम्त्याएको प्राकृतिक दोहनको विरोध गरिएको हुनाले पर्यावरणीय चेतना स्पष्ट देखिन्छ ।

## प्राकृतिक सम्पदाको संरक्षणप्रतिको सङ्कल्प

बाउसेका कवितामा प्राकृतिक सम्पदाको संरक्षणका लागि मानिसले गर्ने प्रतिबद्धताका माध्यमबाट पर्यावरणीय चेतना प्रस्तुत गरिएको छ । उनका कवितामा प्राकृतिक सम्पदाको संरक्षणविना पर्यावरणीय सन्तुलन असम्भव भएको तथ्यसमेत अभिव्यक्त गरिएका छन् । उनको 'विनाशविरुद्धको सङ्कल्प' शीर्षकको कवितामा वातावरण प्रदूषण र विनाशविरुद्ध दृढ सङ्कल्प व्यक्त गर्दै प्रकृतिको रक्षा गर्नुपर्ने सन्देश प्रस्तुत गरिएको छ । यसमा कविले माटो, पानी, आकाश र जीवजन्तुहरूलाई सुरक्षित राख्ने अठोट लिँदै आफैँलाई टेक्ने आधार दिने माटोलाई नै अजैविक फोहरले छोपेर बन्जर भूमिमा परिणत नगराउने प्रतिबद्धता यसरी व्यक्त गरेका छन् :

आफैँलाई टेक्ने आधार दिने माटोलाई नै
अजैविक फोहरले छोपेर
बन्जर भूमिमा परिणत गराउँदिन म ।
अबदेखि
कालो ब्याट्री र सेतो पारोलाई नदीमा सेलाउँदै
निर्दोष जलचरहरूलाई
आँसुको दहमा डुबाउँदिन म । (पृ. ३३)

कालो ब्याट्री र सेतो पारोलाई नदीमा सेलाउँदै निर्दोष जलचरहरूलाई आँसुको दहमा नडुबाउने सङ्कल्पमार्फत यस कवितामा कविले प्राकृतिक स्रोतको संरक्षणप्रतिको प्रतिबद्धता प्रस्तुत गरेका छन् । वन विनाश, वायु प्रदूषण, र कीटनाशक पदार्थको अव्यवस्थित प्रयोगले पारिस्थितिक सन्तुलन बिगार्ने भएकाले यसबाट सतर्क हुनुपर्ने भावलाई कविप्रौढोक्तिमार्फत यसमा अभिव्यक्त गरिएको छ । यसरी उनका कविताले प्रकृतिमाथि हुँदै आएका विनाशका विरुद्धको सचेतता र कविको प्रतिबद्धतामार्फत पर्यावरणीय चेतनालाई प्रस्तुत गरेको पाइन्छ ।

## पर्यावरण संरक्षणमा सामूहिक चेतना र जिम्मेवारी

बाउसेका कवितामा पर्यावरण संरक्षणका लागि आवश्यक पर्ने सामूहिक चेतना तथा जिम्मेवारीसम्बन्धी पर्यावरणीय चेतनाको प्रस्तुति पाइन्छ । उनको 'परिवेशको जवानी' शीर्षकको कविताले पर्यावरण संरक्षणका लागि सामूहिक चेतनाको विकास मात्र नभएर मान्छेमा जिम्मेवारी बोधको सचेतना पनि आवश्यक भएको तथ्यलाई उजागर गरिएको छ । यस कवितामा कविले वन विनाशजस्ता मानवजनित समस्याहरू रोक्न सचेत नागरिक समाज र वातावरणप्रेमीहरूको भूमिकालाई यसरी चित्रण गरेका छन् :

तपाईंहरूको खबरदारी सुनेरै मात्र पो
हच्केका रहेछन् रुख काट्न तम्सनेहरू त
तपाईंहरू सँग मात्र पो रमेको रहेछ
हाम्रो हरित सभ्यता त ! (पृ. ४९)

यस पङ्क्तिमा तपाइँहरू भनेर हजुरबा हजुरआमा वा पुरानो पुस्तालाई सम्बोधन गरिएको छ । विकासनिर्माणका पछि लाग्ने र प्राकृतिक भन्दा कृत्रिम वस्तुप्रति झुकाव राख्ने नयाँ पुस्ताको लापरबाही तथा अटेरीपनका कारण हरित सभ्यता विनाश हुँदै गएको सन्दर्भ यसमा प्रस्तुत गरिएको छ । यसमा समाजमा पर्यावरणप्रति जागरूक व्यक्तिहरूले आवाज उठाउँदा मात्र जङ्गल मास्नेहरू झस्कने र दोहोरो सोच्न बाध्य हुने तर्कलाई द्योतन गरेको छ । वातावरण र हरियाली जोगाउन सचेत नागरिकको पहरेदारीविना प्राकृतिक स्रोतको विनाश जोगिन नसक्ने भन्दै हाम्रो सभ्यता र संस्कृतिको अस्तित्व वातावरणसँग गाँसिएको ध्वन्यार्थलाई पनि यसले सङ्केत गरेको छ । यसले वन मासिँदा मानव सभ्यता मात्र नभएर समग्र पारि स्थितिक प्रणाली नै सङ्कटमा पर्ने भएकाले हरित वातावरणको रक्षा केवल केही व्यक्तिको जिम्मेवारी नभई सबैको साझा दायित्व भएको बताएको छ । यसरी उनका कवितामा वातावरणको जगेर्नाका लागि सबै नागरिक जागरूक र जिम्मेवार हुनुपर्ने विचारका माध्यमबाट पर्यावरणीय सचेतनालाई प्रस्तुत गरिएको छ ।

## सबै प्राणीको समान अस्तित्वप्रतिको चेतना

बाउसेका कवितामा पृथ्वीमा रहेका सबै प्राणीको समान अस्तित्व रहेको भावमार्फत पर्यावरणीय चेतना प्रस्तुत गरिएको छ । उनका कवितामा प्रकृतिमा रहेका हरेक प्राणीहरू प्रकृतिकै एकै हातबाट बनाइएको तर्क प्रस्तुत गरिएको छ । उनको 'बधशाला' शीर्षकको कविताले पृथ्वीमा रहेका सबै जीवजन्तुहरूको अस्तित्वलाई समान रूपमा हेर्नुपर्ने र पारिस्थितिक सन्तुलनलाई खल्बलाउने क्रियाकलापप्रति संवेदनशील हुनुपर्ने विचार यसरी प्रस्तुत गरेको छ :

जुनसुकै प्राणी किन नहुन्
यही पृथ्वीको
हावा, पानी, प्रकाश र माटो मुछेर
प्राणको सेचन गर्दै
प्रकृतिको एउटै अलौकिक हातद्वारा बनाइएका
आआफ्नै पाराका सुन्दर मूर्तिहरू हुन् । (पृ. ५७)

यसमा प्रकृतिका जुनसुकै प्रजातिका प्राणी भए पनि तिनलाई यही पृथ्वीको हावा, पानी, प्रकाश र माटो मुछेर प्राणको सेचन गर्दै सिर्जना गरेको तर्क प्रस्तुत गरिएको छ । यसले प्रकृतिले सबै जीवजन्तुहरूलाई समान तत्त्वहरूबाट सिर्जना गरेको हुनाले प्रकृतिका यस्ता अनुपम सिर्जनाबिच विभेद गरी तिनको अस्तित्व मेटाउने कार्य प्रकृतिविरुद्धको अपराध भएको भाव व्यक्त गरेको छ । यसरी उनका कवितामा कुनै पनि जीवको अस्तित्व मेटिँदा सम्पूर्ण पारिस्थितिकी प्रणाली नै कमजोर बन्ने भएकाले यसप्रति सजग हुँदै प्रत्येक प्राणीको अस्तित्वको सम्मान गर्नुपर्ने भावका माध्यमबाट पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ ।

## पारिस्थितिक प्रणालीको सङ्कट र संरक्षणप्रतिको चेतना

बाउसेका कवितामा पारिस्थितिक प्रणालीको सङ्कट र संरक्षणप्रतिको पर्यावरणीय चेतनालाई अभिव्यक्त गरिएको छ । उनका कवितामा पारिस्थितिक प्रणाली बिग्रँदै गएपछि प्रकृति मात्र नभएर मानवजीवन नै खतरामा पर्ने स्थितिप्रतिको चिन्ता प्रस्तुत भएको छ । उनको 'सूर्यलाई सम्बोधन' शीर्षकको कवितामा

जलवायु परिवर्तनका कारण वातावरण सन्तुलनमा परेको प्रभाव र त्यसले निम्तिन सक्ने सङ्कटलाई यसरी प्रस्तुत गरिएको छ :

मलाई राम्ररी थाहा भइसकेको छ-
धर्तीलाई निर्जीव पार्ने गरी बढिरहेको तापलाई
ठिक मात्रामा तल ओराल्न
अब मलाई धेरै समय उपलब्ध छैन, सूर्यदेव ! (पृ. ६१)

सूर्यलाई सम्बोधन गर्दै लेखिएको यस कविताले जलवायु परिवर्तनको गम्भीर विषयलाई उजागर गर्दै पृथ्वीमा बढ्दो तापमानका कारण उत्पन्न विनाशकारी प्रभावहरूप्रति चेतावनी दिएको छ । पृथ्वीमा असन्तुलित तापको वृद्धिले जीवन खतरामा पारिरहेको सत्यतर्फ यसले सङ्केत गरेको छ। यसले वातावरणीय असन्तुलनका कारण पृथ्वीमा बढ्दो तापक्रमले पार्ने नकारात्मक असरप्रति गहिरो चिन्ता व्यक्त गर्दै अप्रत्यक्ष रूपमा औद्योगीकरण, वनविनाश र कार्बन उत्सर्जनजस्ता मानवजनित कारणबाट पृथ्वीको तापमान बढ्दै गएको र त्यसतर्फ सचेत नहुने हो भने छिटै पृथ्वी ध्वस्त हुन सक्ने सङ्केत पनि गरेको छ । यसमा कविको चेतावनी सीमित समयमा ताप सन्तुलन कायम राख्न प्रयास गरिएन भने पृथ्वीलाई जोगाउने अवसर गुम्नेतिर देखिन्छ । तसर्थ यस कविताले तापमान सन्तुलन, हरियाली प्रवर्द्धन र जलवायु अनुकूलनका उपायहरू समयमै अवलम्बन गर्नुपर्ने सन्देशका माध्यमबाट पर्यावरणीय चेतनालाई प्रस्तुत गरेको छ ।

बाउसेको 'मरुभूमिको त्रास' शीर्षकको कवितामा पारिस्थितिक प्रणालीको सङ्कटप्रतिको पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । यस कवितामा प्राकृतिक विनाश र त्यसका कारण उत्पन्न सङ्कटप्रतिको चेतनालाई जमिनको बाँझोपन, वनको विनाश, त्यसबाट निर्मित असरका कारण प्राणवायुको सङ्कट जस्ता समस्याहरूको वर्णन गर्दै यसरी अभिव्यक्त गरिएको छ :

जमिन बाँझिएर
अनाजको अभाव भएको यस धर्तीमा
वन नासिएर
प्राणवायुको उत्पादन घटिरहेको यस धर्तीमा
भए पो सुखका क्षण साट्न आउँथ्यो ऊ ! (पृ. ७७)

भूमिको उर्वरता घट्दै जाने र कृषि उत्पादनमा गिरावट आउने सन्दर्भ यसमा प्रस्तुत गरिएको छ । यसले जमिन बाँझो हुनु भनेको खाद्यान्न उत्पादनको सङ्कट बढी मानव र अन्य प्राणीहरूको अस्तित्वमा समेट सङ्कट आउनु हो भन्ने तथ्यलाई प्रस्ट पारेको छ । जङ्गलको विनाश र त्यसबाट उत्पन्न हुने वायुप्रदूषण एवम् प्राणवायु (अक्सिजन) को अभावले जीवको विनाशलाई द्योतन गर्ने हुनाले सबै प्राकृतिक स्रोतहरू जोगाइएन भने ठुलो सङ्कटमा परिने तथ्य समेत यसमा प्रस्तुत गरिएको छ । यसरी प्राकृतिक विनाशका कारण पृथ्वीमा जीवनका आधारभूत स्रोतहरूको अभाव हुन गई मानव अस्तित्व र सभ्यता नै सङ्कटमा पर्ने भएकाले प्राकृतिक संसाधनहरूको संरक्षणबाट पारिस्थितिक सन्तुलन कायम गर्न सकिने पर्यावरणीय चेतनालाई कविले यसमा प्रस्तुत गरेका छन् ।

बाउसेको 'सहअस्तित्वको चेत' कविताले पनि पारिस्थितिकीय सन्तुलनका लागि प्राकृतिक विनाशलाई रोक्नुपर्ने भाव प्रस्तुत गरको छ । यस कवितामा कार्बन डाइअक्साइड उत्सर्जन र हरितगृह ग्यासको अत्यधिक वृद्धिले पर्यावरणमा पारेको खतरालाई यसरी अभिव्यक्त गरिएको छ :

... धनको नसामा बेहोसिएकाहरूले
वन नासेर
हरितगृह ग्यासको पत्रमा
अत्याधिक कार्बन डाइअक्साइडको मात्रा भर्न नपाऊन् । (पृ. ८२)

यस पङ्क्तिले धनको लोभले प्रेरित मानिसहरूले वनको विनाश गरेर वातावरणमा अत्यधिक कार्बन डाइअक्साइड उत्सर्जन गर्नाले पर्यावरणमा पर्ने असरप्रतिको सजगतालाई व्यक्त गरेको छ । यसमा वातावरणीय सन्तुलन र मानवीय स्वास्थ्य तथा जीवको अस्तित्व नबुझेका धनान्ध व्यक्तिको लापरबाहीका कारण प्राकृतिक संसाधनहरूको अत्यधिक दोहन हुने भएकाले यसतर्फ सचेत हुन पनि कविले आग्रह गरेका छन् । यस कवितामा प्रदूषण, हरितगृह ग्यासको उत्सर्जन र प्राकृतिक सन्तुलनको मह**त्त्व** बुझेर पारिस्थितिक प्रणालीको संरक्षणमा गम्भीर भएर लाग्नुपर्ने चेतावनीका माधयमबाट पर्यावरणीय चेतना अभिव्यक्त भएको छ ।

बाउसेको 'वर्तमानको ध्वाँसे ऐना' कवितामा जलप्रदूषणका कारण पर्ने वातावरणीय प्रभाव र त्यसप्रतिको सजगतालाई प्रस्तुत गरिएको छ । यसमा जलस्रोतको प्रदूषणका कारण जीवमा पार्ने असर र यसका कारण उत्पन्न हुने पारिस्थितिक सङ्कटलाई यसप्रकार अभिव्यक्त गरिएको छ :

खोलाको अस्मिता लुट्दै बगेको
तरल रासायनिक पदार्थले ज्यान हरण गने पनि
आत्महत्या गरेको बदनामी खप्न विवश
कुनै माछो, भ्यागुतो वा गँड्यौलाको लाससँग
म को हुँ ? भनेर सोध्न चाहन्नँ म । (पृ. ८४)

कविले खोला वा नदीको अस्मिता र अस्तित्वमाथि सङ्कट पर्दै गएको तथ्यलाई जलप्रदूषणको दृष्टान्तमार्फत यसमा प्रस्तुत गरेका छन् । नदी, ताल वा जलाशयका प्राणीहरूको जीवन सङ्कटमा पार्ने रासायनिक पदार्थहरूको उत्पादनमा मानवकै प्रमुख भूमिका रहेको तथ्य पनि यसमा व्यक्त भएको छ । यसमा माछो, भ्यागुतो र अन्य जलप्राणीहरूको लासले प्रदूषणको मारमा परेको अस्तित्वको सङ्कटलाई चित्रित गरेको छ । प्रदूषणका कारण भएका जीवजन्तुको मृत्यु र त्यसको विनाशकारी प्रभावका बारेमा चेतावनी दिँदै प्रकृतिको विनाश नै पारिस्थितिक प्रणालीको सङ्कट भएकाले यसतर्फ सचेत भई जलस्रोतहरूको संरक्षणमा जुट्नुपर्ने भावका माध्यमबाट पर्यावरणीय चेतनालाई कविले यसमा प्रस्तुत गरेका छन् ।

बाउसेके 'हिउँदको स्वागतमा प्लास्टिकको धुवाँ' शीर्षकको कविताले पनि वातावरणीय प्रदूषण र त्यसले पारेको प्रभावसम्बन्धी पर्यावरणीय चेतनालाई अभिव्यक्त गरेको छ । यसले प्लास्टिकको अत्यधिक प्रयोगले निम्त्याउने सङ्कटलाई देखाउँदै त्यसले पार्ने प्रभावलाई यसप्रकार प्रस्तुत गरेको छ :

तपाउँदै छु तिमीलाई
हिटरको विकल्प
दङदङ्ती प्लास्टिक गनाइरहेको
घुरको धुवाँको तातो । (पृ. ८६)

यसमा कविले प्लास्टिक जलाउने प्रचलनको विरोध गर्दै यसबाट निस्कने गन्ध, धुवाँ तथा हानिकारक विषाक्त ग्यासहरू पनि वायुमण्डलमा मिसिने भएकाले वातावरणीय प्रदूषण बढ्ने सङ्केत गरेका छन् । यस कवितामा प्लास्टिकको जलनले एकतर्फी रूपमा तत्कालीन सुविधा (तातो हावा) प्रदान गरे पनि यसको दीर्घकालीन असर वातावरणीय दृष्टिकोणले नकरात्मक भएको चेतना प्रस्तुत भएको छ । यसले वैकल्पिक स्रोतहरूको उपयोग गर्न छाडेर प्रकृतिलाई असर गर्ने किसिमको मार्ग रोज्न नहुने चेतावनी पनि दिएको छ । तत्काल लाभका लागि अस्वस्थ र नोक्सानजनक उपायहरू अपनाएर जोखिम लिन नहुने विचारका माध्यमबाट यसमा पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ ।

बाउसेको 'बादलको मृत्यु भएको क्षण' शीर्षकको कवितामा प्राकृतिक विनाश र पारिस्थितिक असन्तुलनसँग सम्बद्ध पर्यावरणीय चेतना अभिव्यक्त भएको छ । यसमा कविले बादलको मृत्युलाई प्रतीकात्मक रूपमा प्रयोग गर्दै वातावरणीय सङ्कट र त्यसका गम्भीर परिणामप्रतिको चेतावनीलाई यसरी प्रस्तुत गरेका छन् :

मेरो सहकर्मी हावा
वा स्वयम् म बादलको मृत्यु भएको क्षण
तिमीहरूले
कुनै पनि हालतमा
स्वाद लिन पाउने छैनौ आफ्नो जीवनको । (पृ. ९८)

यसमा बादलको अस्तित्व नष्ट भएको सन्दर्भले जलवायु परिवर्तन, वायुमण्डलीय असन्तुलन र पृथ्वीको पारिस्थितिकी तन्त्रमा भएको उथलपुथलको सङ्केतलाई द्योतन गरेको छ। मानव र जीव-जगतका अस्तित्व नै सङ्कटमा परेपछि जीवनको स्वाद वा अर्थ नहुने तथ्यलाई पनि यसमा प्रस्तुत गरिएको छ । यसले प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन र विनाशले जीवनको समृद्धि र पूर्णतालाई सङकटमा पार्ने हुँदा पारिस्थितिक प्रणालीलाई बिगार्ने किसिमका कुनै पनि क्रियाकलाप नगर्न समेत मानिसलाई सचेत तुल्याएको छ । यस कविताले प्रकृति र जीवनबिचको अन्तरसम्बन्ध र पारिस्थितिकीय सङ्कटप्रतिको सजगताका माध्यमबाट पर्यावरणीय चेतनालाई प्रस्तुत गरेको छ ।

यसरी बाउसेका कवितामा वातावरण प्रदूषण, आधुनिकीकरण, विकासका नाममा प्रकृतिको दोहन, मानिसको लापरबाहीपन तथा स्वार्थी प्रवृत्ति, प्रकृति र प्राणीको सम्बन्धप्रतिको वेवास्ता आदिका कारण सिर्जित समस्याबाट पर्यावणीय सन्तुलनमा परेको प्रभावप्रति चिन्ता व्यक्त गरिएको छ। उनका विश्लेषित सुरुका पच्चिस वटै कवितामा कुनै न कुनै रूपमा पर्यावरणप्रतिको चेतनालाई उजागर गरिएको छ । बाउसेका कविताले प्रकृतिको संरक्षणविना जीवको अस्तित्व मात्र नभएर मानवीय अस्तित्वसमेत सङ्कटमा पर्ने भएकाले यसप्रति बेलैमा सचेत हुनुपर्ने सन्देश प्रस्तुत गरेका छन् ।

## निष्कर्ष

बाउसेको पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रहका निर्धारित कवितामा पर्यावरणीय चेतनालाई प्रस्तुत गरिएको छ । बाउसेका पर्यावरणीय कविताहरू प्रकृति, माटो र मानवीय अस्तित्वबिचको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्ने सशक्त माध्यम बनेका छन् । उनका कवितामा प्रकृतिको दोहनप्रतिको असन्तुष्टि, प्रकृति र मानवबिचको सुमधुर सम्बन्धको आग्रह, मानवकेन्द्रित सोचको आलोचना प्रस्तुत गरिएका छन् । यस्तै विकास र पर्यावरणीय सन्तुलनको द्वन्द्व, प्राकृतिक सम्पदाको संरक्षणप्रतिको सङ्कल्प, पर्यावरण संरक्षणमा सामूहिक चेतनालाई पनि कविताले विषय बनाएको छ । बाउसेका कवितामा सबै प्राणीको समान अस्तित्वप्रतिको चेतना, पारिस्थितिक प्रणालीको सङ्कट र संरक्षणप्रतिको आग्रहसम्बन्धी पर्यावरणीय चेतनाको अभिव्यक्ति समेत गरिएको छ । यी मध्ये उनका धेरैजसो कवितामा पारिस्थितिक प्रणालीको सङ्कटलाई देखाउँदै संरक्षणको आग्रहसम्बन्धी भाव मुखरित हुन पुगेका छन् । यस्तै उनका कविताहरूमा प्रकृतिको जगेर्ना, जैविक विविधताको संरक्षण, प्रकृतिको संरक्षणप्रतिको प्रतिबद्धता, प्राकृतिक स्रोतहरूको जगेर्ना, प्राकृतिक अस्तित्वमा समानता, विकासका नाममा गरिने विनाशप्रतिको आक्रोश, प्रकृतिको मानवीकरणका माध्यमबाट प्राकृतिक संवेदनाको गहन प्रस्तुतिजस्ता प्रवृत्तिहरू हाबी बनेका छन् । उनका हरेक कविताले प्रकृतिको संरक्षण र पारिस्थितिक प्रणालीप्रतिको सजगतालाई प्रस्तुत गरेका छन् । उनका कविताहरूले केवल प्राकृतिक सुन्दरताको प्रशंसा मात्र होइन, त्यसको विनाशका कारणहरू उजागर गर्दै चेतनामूलक सन्देश प्रवाह गरेका छन् । उनका कविताहरू भावनात्मक रूपमा अत्यन्त प्रभावशाली भए पनि व्यावहारिक समाधानका उपायहरू कम भेटिन्छन् । उनको कविताशैली प्रतीकात्मक एवम् कविप्रौढोक्ति शैलीयुक्त देखिन्छ । उनका कविता पर्यावरणीय मूल्य र चेतनालाई साहित्यिक सौन्दर्यमार्फत प्रभावकारी रूपमा उठान गर्दै प्रकृति र मानवीय अस्तित्वबिचको अन्तरसम्बन्धको चेतना जगाउनमा समेत सबल बनेका छन् । यसर्थ पर्यावरणीय चेतनाका दृष्टिले कृष्ण बाउसेका कविता सशक्त देखिन्छन् ।

## सन्दर्भसूची


बाउसे, कृष्ण (२०८०). *पर्याप्रेमको गुञ्जन.* काठमाडौँ : स्वदेश प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०८०). 'भूमिका' (पृष्ठभाग) *पर्याप्रेमको गुञ्जन.* लेखक कृष्ण बाउसे, काठमाडौँ : स्वदेश प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०८१). *'सिर्जनाको धरातलमा पर्यावरणीय सचेतना'.* ऊर्जा खबर, https://www.urjakhabar.com, हेरेको मिति : २०८१ कात्तिक २८ ।

सिंह, राजवीर (सन् २०१९). *'वेदों में पर्यावरण चेतना'.* राजभाषा ज्योति, https://rajbhasha.gov.in, हेरेको मिति : २०८१ मङ्सिर ३, पृ.६-१३ ।

हितान, विजय (२०८०). *'भूमिका' (पृष्ठभाग), पर्याप्रेमको गुञ्जन.* लेखक कृष्ण बाउसे, काठमाडौँ : स्वदेश प्रकाशन ।

Buell, Lawrence (1995), The Environmental Imagination Thoreau, Nature Writtings, and the Formation of American Calture, London : Harvard University Press.

Dobie, Ann B. (2012), *Theory into Practice: An Introduction to Literary Criticism*, Third Edition, Boston: Wadsworth Cengage Learning.

Heise, Ursula K. (2006), “The Hitchhiker’s Guide to Ecocriticism.” *PMLA*, vol. 121, no. 2, pp. 503–16, *JSTOR*, http://www.jstor.org/stable/25486328, Accessed 19 Nov. 2024.

Howarth, William (1996), "Some Principles of Ecocriticism", *The Ecocriticism Reader: Landmarks in Literary Ecology,* Glotfelty, Cheryll and Fromm, Harold (Ed.), Athens and London: The University of Georgia, Pp. 69-91.

Kerridge, Richard (2006), "Environmentalism and Ecocriticism", in Patricia Waugh (ed.), *Literary Theory and Criticism*, London:Oxford University Press, pp. 530-543.

Milne, Anne (2010). “Ecocriticism.” *Key Words: A Journal of Cultural Materialism*, no. 8, pp. 46–47. *JSTOR*, https://www.jstor.org/stable/26920272, Accessed 19 Nov. 2024.